# कास्की जिल्ला अदालतवाट जारी गरिएको सूचना

जिल्ला प्रशासन कार्यालय कास्कीको पत्र संख्या २०७७।०७८ मिति २०७७।०५।०२ को पत्रानुसार विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ (कोरोना भाईरस) को संक्रमण बढ्दै गईरहेको अवस्थामा कोभिड-१९ (कोरोना भाइरस) को संक्रमण रोकथाम तथा नियन्त्रणको लागि मिति २०७७/०५/०२ गते राति १२:०० बजे देखि मिति २०७७/०५/०७ गते राती १२:०० बजेसम्म कास्की जिल्लाभर लागू हुने गरी निषेधाज्ञा जारी गरेको सन्दर्भमा अन्य थप आदेश भएमा वाहेक जारी निषेधाज्ञाको अवधिमा देहाय बमोजिम कार्य सञ्चालन गर्ने गरी अदालतको मिति २०७७।०५।०२ को पूर्ण वैठकको निर्णय तथा उच्च अदालत पोखराको च.नं. ८६४ मिति २०७७/०५/०२ गतेको निकासा पत्र वमोजिम यो सूचना जारी गरिएको छ ।

**देहाय**

१. यस अवधिमा पर्नसक्ने बन्दीप्रत्यक्षीकरण निवेदनको सुनुवाई र मुलुकी फौजदारी कार्यबिधि संहिता, २०७४ को दफा १५५ अनुसारका निवेदन,

२. बाल सुधार गृहमा रहेका बालबालिका जिम्मा लिने सम्बन्धी निवेदन उपर हुने कारबाही,

३. पक्राउ पूर्जी अनुमती

४. जरुरी पक्राउ पूर्जीको समर्थन सम्बन्धी कार्य,

५. अभियुक्तलाई अनुसन्धान तहकिकातका लागि हिरासतमा राख्न अनुमति दिने (म्याद थप गर्ने),

६. अभियोगपत्र दर्ता गर्ने,

७. पक्राउ परी आएका अभियुक्तको बयान लिने र थुनछेक आदेश गर्ने सम्बन्धी कार्य ।